मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

'विधेयक संशोधन हैन अब पुनर्लेखन गर्नुपर्छ': पृष्ठ ३



◆ वर्ष : २५ ◆ अङ्क : २१५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १९ गते शुक्रवार (Friday, July 3. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# ओलीको समर्थनमा प्रदर्शन



**झापा, असार १८।** प्रधानमन्त्री केपी शर्मा ओलीको गृह जिल्लामा उनका समर्थकहरूले बिहीबार प्रदर्शन गरेका छन् ।

'आज होइन भोलिलाई, हाम्रो समर्थन ओलीलाई', 'वैदेशिक हस्तक्षेप चाहिँदैन, सरकार ढाल्न पाइँदैन'जस्ता नारा लगाउँदै प्रधानमन्त्री ओलीका समर्थकले झापाको बिर्तामोडस्थित मुक्ति चौकमा प्रदर्शन गरेका हुन् । पार्टीभित्रै प्रधानमन्त्री ओलीलाई घेराबन्दीमा पारिएको र राजीनामा गर्न बाध्य पार्न खोजिएको भन्दै समर्थकहरूले प्रदर्शन गरेका हुन् ।

नेकपाका युवा नेता टीकाराम मग्रातीको अगुवाइमा सत्तारुढ पार्टी सम्बद्ध भातृ संस्थाका युवाहरू प्रदर्शनमा निस्किएका थिए । झापाबाट चुनाव जिताएर पठाएको प्रतिनिधिसभा सदस्य प्रधानमन्त्री भएपछि जबरजस्ती राजीनामा गर्न लगाउने खालको षड्यन्त्र भएको भन्दै युवाले विरोध जनाउँदै प्रदर्शन गरेका हुन् ।

उता शीर्ष तहका नेताबीचको विवादका कारण सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थायी कमिटीको विहीवारका लागि तोकिएको बैठक प्रभावित भएको छ । स्थायी कमिटीको बैठकमा सरकार हटाउन छिमेकी भारत र नेताहरू भित्रभित्र लागेको भन्ने प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओलीको पछिल्लो अभिव्यक्ति र नेकपा (एमाले) नामक पार्टीको नाममा निर्वाचन आयोगमा दल दर्ताको निवेदनका विषयले प्रवेश पाएपछि नेताहरुबीचको दूरी बढेको हो ।

बिहीवा बिहान ११ बजेका लागि तोकिएको स्थायी कमिटी बैठक स्थगित भयो । सरकारको सिफारिसमा बिहीवार नै राष्ट्रपतिले सङ्घीय संसद्को बजेट अधिवेशन अन्त्य गराएपछि अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सचिवालय बैठकलगत्तै परामर्शका लागि शीतल निवास पुगेका थिए । स्थायी कमिटीका अर्का सदस्य केशवप्रसाद बडालले दुई अध्यक्ष आपसमा बसेर सहमतिमा पार्टीलाई एकताबद्ध बनाउनुपर्ने र दुर्घटनामा लान नहुने बताए ।

यही असार १४ गते जननेता मदन भण्डारीको जन्मजयन्तीका अवसरमा प्रधानमन्त्री एवम् अध्यक्ष ओलीले दिएको अभिव्यक्ति 'सरकार हटाउन भारत सक्रिय रहेको, त्यसमा पार्टीका नेताहरूको संलग्नता रहेको' तथा दुई दिनअघि निर्वाचन आयोगमा एमाले दल दर्ताका लागि आवेदन परेका सम्बन्धमा स्थायी कमिटीमा छलफल हुँदा पूर्वनिर्धारित कार्यसूची

*(बाँकी अन्तिम पृष्ठमा)*

## उच्च शिक्षा अध्ययन गर्न विदेश जाने विद्यार्थी अन्यौलमा

**झापा, असार १८।** उच्च शिक्षा अध्ययनका लागि विदेशका विभिन्न विश्वविद्यालयमा भर्ना भइ भीसा समेत आइसकेका ५ हजारभन्दा बढी विद्यार्थी महामारीका कारण अन्यौलमा परेका छन् ।

एकातिर कलेजमा बुझाएको शुल्क र शैक्षिक सत्रलाई लिएर अभिभावकमा चिन्ता छ भने अर्कातिर अन्तर्राष्ट्रिय उडान कहिले खुल्छ भन्ने अन्यौल छ । उच्च शिक्षा अध्ययनका लागि वर्षेनि ६५ हजारको हाराहारीमा विद्यार्थी विदेश जान्छन् ।

ती मध्ये सबैभन्दा बढी अस्ट्रेलिया, जापान, कोरिया लगायतमा छन् । उच्च शिक्षाका लागि विदेश जान भन्दै यस वर्ष ३३ हजार विद्यार्थीले नोअब्जेक्सन लेटर लिएकामा करिब १० हजार जना लकडाउनका कारण जान पाएका छैनन् । अस्ट्रेलियाको प्रवेषाज्ञा पाएर रोकिएका मात्रै १२ सय छन् । थप २२ सय जना प्रवेशाज्ञाको प्रक्रियामा छन् ।

जापानमा ६ हजार विद्यार्थीले पढ्न जाने अनुमति लिएर बसेका छन् । तीमध्ये ४१ सयले योग्यता परीक्षा उत्तीर्ण गरेका छन् । विभिन्न देशमा गरी ७ हजारको हाराहारीमा विश्वविद्यालय कलेजमा अध्ययनका लागि प्रक्रिया पूरा गरी बैंक तथा वित्तीय संस्थाको ऋण लिएर शुल्क बुझाएका छन् । विदेशमा पढ्न जाने विद्यार्थीले १० लाखको हाराहारीमा पहिलो किस्ताको शिक्षण शुल्क बुझाउनुपर्छ । यो हिसाबले ५ हजारभन्दा बढी विद्यार्थीले विभिन्न कलेजमा ५ अर्बभन्दा बढी शुल्क बुझाइसकेका छन् । कतिपय विश्वविद्यालय र कलेजले अनलाइन लगायत वैकल्पिक माध्यमबाट पढाउन थालेकाले पढाइ छुट्ने चिन्ता विद्यार्थीमा छ । पढ्ने नाममा नेपाली युवा विदेश पठाउने व्यवसाय फस्टाएपछि च्याउजसरी उम्रेका संस्था पनि यतिखेर संकटमा परेका छन् ।

बानेश्वर, पुतलीसडक लगायत क्षेत्रमा कोठैपिच्छे रहेका कतिपय संस्था बन्द हुन थालेका छन् । परामर्शदाता संघका अनुसार, देशभर करिब १७ अर्ब लगानीका ३ हजार यस्ता संस्था खुलेका छन्, जसमध्ये २० प्रतिशत बन्द भइसकेका छन् ।

यो समयलाइ स्वदेशमै गुणस्तरीय शिक्षाको प्रत्याभूति दिने तयारी सरकार र नीति निर्माताहरूले गर्न सके नेपालमै सम्भव हुने पढाइका लागि पनि विदेश जान मरिहत्ते गर्ने प्रवृत्ति निरूत्साहित गर्न सकिनेछ । यसबाट ठूलो रकम विदेशिनबाट रोकिनेछ ।

## निर्माण व्यवसाय ऐन संशोधनको तयारीमा सरकार

**झापा, असार १८।** सरकारले तीन अर्ब रुपैयाँसम्मका सार्वजनिक निर्माणका ठेक्कामा विदेशी कम्पनीलाई सहभागी हुन नदिने गरी कानून संशोधन गर्न लागेको छ ।

निर्माण व्यवसाय ऐनमा संशोधनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मस्यौदा बनाइसकेको छ । तर निर्माण व्यवसायी महासंघले भने यसलाई ठूला ठेकेदारलाई पोस्ने प्रयास भनेको छ । २०५५ मा बनाइएको निर्माण व्यवसाय ऐन अनुसार ६ करोड रुपैयाँभन्दा बढीका सार्वजनिक निर्माणको ठेक्का स्वदेशी कम्पनीलाई मात्र दिनुपर्छ भन्ने छैन । विदेशी कम्पनीले पनि प्रतिस्पर्धा गर्न पाउँछन् ।

जसका कारण विदेशी कम्पनीले ठेक्कामा भाग लिन नपाउने रकमको सिलिङ बढाउन स्वदेशका केही ठूला

*(बाँकी अन्तिम पृष्ठमा)*

## संघीय संसद्को हिउँदे अधिवेशन अन्त्य

**झापा, असार १८।** राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को अधिवेशन अन्त्य गरेकी छिन् ।

मन्त्रिपरिषद्को बिहीवारको बैठकले चालू अधिवेशन अन्त्यका लागि राष्ट्रपतिलाई सिफारिस गर्ने निर्णय गरेको थियो । सोही सिफारिसका आधारमा राष्ट्रपति भण्डारीले अधिवेशन अन्त्य गरेकी हुन् ।

राष्ट्रपति कार्यालयले एक सूचनामार्फत अधिवेशन अन्त्य भएको जनाएको छ । कोरोनाको कहरबीच वर्षे अधिवेशनमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र संविधान

*(बाँकी अन्तिम पृष्ठमा)*

## अबैध सामानसहित एक जना पक्राउ

**मोरङ, असार १८।** मोरङको बिराटनगर महानगरपालिका -१२ बखरीबाट भन्सार छली गरी ल्याएको करिव ५ लाख रुपैयाँभन्दा बढीको अबैध समानसहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरबाट सादा पोशाकमा खटिएको प्रहरी टोलीले को १ ह ८४५१ नम्बरको टेम्पो र को १३ प ४२४७ नम्बरको मोटरसाइकलमा ल्याउँदै गरेको अवस्थामा टेम्पो चालक बिराटनगर-१५ का राजा पासवान सहित बिशाल चौधरी, सोनु चौधरी, रोहित चौधरी, पुरुषोत्तम चौधरी र अबिनाश चौधरीलाई पक्राउ गरेको हो ।

निजहरुका साथबाट प्रहरीले अबैध रुपमा भन्सार छली ल्याएको अन्दाजी ५ लाख ३० हजार रुपैयाँ बराबरको बिभिन्न किसिमका लत्ताकपडा बरामद गरेको हो । बरामद भएको समान, पक्राउ परेका मानिस तथा सवारी साधनसमेत आवश्यक कारवाहीको लागि बिराटनगर भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

## सूचना

- सम्बन्धित निकायमा दर्ता गरेर मात्र वस्तु वा सेवाको उत्पादन र विक्री वितरण सम्बन्धी कारोबार गरौं ।
- जाँच नगराएको वा रोगी, मरेको पशुपन्छीको मासु तथा मिसावट गरेको मासु विक्री नगरौं र नगराऔं ।
- गुणस्तरीय वस्तु वा सेवाको उपभोग गर्न पाउने उपभोक्ताको संवैधानिक हक तथा मानवअधिकारको सम्मान गरौं र गराऔं ।
- कसैले उपभोक्ता हितमा प्रतिकुल असर पर्ने काम कार्वाही गरेको पाइएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।
- जाँच नभएका र निरीक्षकद्वारा जाँचको टाँचा नलगाइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र विक्री, वितरण वा प्रयोगमा नल्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

HONDA

जस्तै परिस्थितिमा पनि
HONDA छ सधैं, तपाईं सँगै

त्यसैले अब होण्डा हुनेछ तपाईं सँगै मात्र

१ रुपैयाँ को DOWN PAYMENT मा
१ रुपैयाँ को INTEREST RATE मा
१% को EMI मा

*Conditions Apply

थप जानकारीका लागि
NTC १६६ ०० १ ४६६३२ NCELL ९८०१५७१११

JYOTI
Syakar Trading Company Pvt. Ltd.
Jyoti Bhawan, Kantipath, Kathmandu
t. 4225490, 4253522
f. 4216769
www.honda.com.np

SAFE HOME DELIVERY SERVICE AVAILABLE
#StaySafeWithHonda

# चिनियाँ एप प्रतिबन्धित भएपछि ‘स्टार’हरूको भविष्य अन्यौलमा

**भारत, असार १८।** आफ्नो पहिलो नाम मात्रै बताउन चाहने गीत देशका लागि खतरा भन्दै टिकटकसहित दर्जनौं चिनियाँ एपहरूमाथि भारतले प्रतिबन्ध लगाएपछि स्तब्ध भइन् ।

पेशाले वकिल रहिसकेकी गीत भारतका टिकटक स्टारमध्ये एक हुन् । उनी एक करोडभन्दा बढी फलोअरहरूलाई तीनवटा च्यानलमार्फत् ‘अमेरिकी अङ्ग्रेजी’ सिकाउनुका साथै सम्बन्धबारे सुझाव पनि दिन्छिन् ।

विगत एक वर्षयता गीतले आफ्ना खातामा करिब २०/२० सेकेन्डका दैनिक १५ वटा भिडिओ पोस्ट गर्ने गरेकी छन् । आफूसँग सञ्चिति कम नहोस् भनेर मोबाइल र व्यावसायिक क्यामेराबाट उनी एक दिनमै १२० वटासम्म भिडिओ तयार पार्छिन् । बाँकी दिन स्क्रिप्ट लेख्ने र भिडिओ सम्पादनको काममा उनी समय खर्च गर्छिन् ।

प्रतिबन्धबारे समाचार सुनेपछि मलाई विश्वास नै लागेन । यो त अहिले मेरो जीवनको अभिन्न अङ्ग भइसकेको छ । यो मेरो पूर्णकालीन जागिर भइसकेको छ- गीतले भनिन् । उनका फलोअरहरू दुःखी भएका छन् । एकजना लेख्छन्- अब मैले कसरी अङ्ग्रेजी सिक्ने होला ? अर्का फलोअरले लेखेका छन्- अब मलाई कसले उत्प्रेरित गरिरहने होला ?

**कुन कुराले प्रतिबन्ध निम्त्यायो ?**

भारतले ५९ वटा चिनियाँ एपहरूमाथि प्रतिबन्ध लगाएपछि लाखौं प्रयोगकर्ताहरू अचम्मित र स्तब्ध भएका छन् । भारतीय प्रतिबन्धमा पर्ने एपहरूमा विबो, वीच्याट र यूसी ब्राउजर लगायत छन् । भारतीय सरकारले ‘देशको सम्प्रभुता र सुरक्षाका लागि खतरा’ भएकाले ती एपहरूमाथि प्रतिबन्ध लगाइएको जनाएको छ ।

हालै लद्दाख क्षेत्रको गलवान इलाकामा चिनियाँ सेनासँगको हिंसात्मक झडपमा २० जना भारतीय सैनिक मारिएपछि चिनियाँ सामान, सफ्टवेअर र एपहरू बहिष्कार गर्नुपर्ने आवाज उठ्दै आएको छ । भारतको इलेक्ट्रोनिक्स तथा आईटी मन्त्रालयले भनेको छ- भारतका करोडौं मोबाइल तथा इन्टरनेट प्रयोगकर्ताका डेटा सुरक्षा एवम् गोपनीयतालाई मध्यनजर गर्दै यो निर्णय लिइएको हो । तर प्रतिबन्धका कदमबाट ‘निकै चिन्तित’ बनेको भन्दै निर्णयबारे पुनर्विचार गर्न बेइजिङले आग्रह गरेको छ । विज्ञहरूले भारतीय निर्णयलाई राजनीतिक कदम भन्दै दुई देशबीच बढ्दो तनावका रूपमा अर्थ्याएका छन् ।

निकै लोकप्रिय टिकटक चाहिँ सबैभन्दा नराम्ररी प्रभावित एपमा परेको छ । सस्तो मोबाइल डाटा र युवा जनसङ्ख्या बढी भएको पृष्ठभूमिमा विगत तीन वर्षमा भारतमा २० करोड प्रयोगकर्ता भएका छन् । टिकटकमा पढाउने लेखक तथा पडकास्टर अमित वर्मा भन्छन्- यो अति नै चाखलाग्दो छ । प्रतिभा देखाउन नपाएका थुप्रै मान्छेले एउटा मञ्च पाएका छन् । रचनात्मक क्षमता भएका धेरै मान्छे यहाँ छन् ।

भारतमा जन्मिएर सिआटलमा हुर्के बढेकी गीतले टिकटकमै जिन्दगी बन्छन् भनेर कहिल्यै सोचेकी थिइनन् । इन्जिनियरिङ्ग पढेकी गीत दिल्ली फर्कनुअघि गीत ल फर्ममा काम गर्थिन् । आफ्ना आमाबुवासँग सामाजिक कार्य गर्न उनी दिल्ली फर्किन् । उनले भनिन्- मैले जे गर्थें त्यसको विस्तारित रूप टिकटक हो । एउटा भिडिओमार्फत् म थुप्रै मानिसमाझ पुग्न सक्छु र सहयोग गर्न सक्छु - उनले भनिन् ।

टिकटकको माऊ कम्पनी बाइटडान्सले प्रयोगकर्ताहरूको सुरक्षा र समग्रमा भारतसँगको प्रतिबद्धताबारे कुरा गर्न तयार रहेको बताइएको छ । टिकटकका भारत प्रमुख निखिल गान्धीले पछिल्लो घटनाक्रमबारे धारणा राख्न र स्पष्टीकरणका लागि सम्बन्धित अधिकारीहरूबाट बोलावट भएको ट्विटरमा लेखेका छन् । अरू एप निर्माताहरूले प्रतिबन्धप्रति प्रतिक्रिया जनाइसकेका छैनन् । वीवीसी

# पूर्वमा ४१३ ले गरे आत्महत्या

**मोरङ, असार १८।** लकडाउन यता ४१३ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमा पुरुष बढी छन् । यो प्रदेश नम्बर १ को तथ्याङ्क हो ।

कोरोना भाईरस (कोभिड-१९) संक्रमण रोक्नका लागि सरकारले जारी गरेको लकडाउनसँगै प्रदेश १ मा मात्रै ४१३ जनाले आत्महत्याको बाटो रोजेका हुन् । चैत ११ गतेदेखि असार दोस्रो साातासम्म प्रदेश १ प्रहरी कार्यालयमा अभिलेख भएका आत्महत्याको घटना तुलनात्मक रुपले सामान्य अवस्थाकै देखिए पनि बालबालिकाले रोजेको आत्महत्याको तथ्यांक दुःख लाग्दो देखिन्छ ।

यस अवधिमा मात्रै २० जना बालक र ३४ जना बालिकाले आत्महत्या गरेका छन् । लकडाउन अवधिमा २१७ पुरुष र १४२ महिलाले आत्महत्या गरेका छन् ।

कोरोना संक्रमणका कारण असहजता धानिरहेका धेरैमा मानसिक समस्या बढ्दै गएकोले यसको संख्या ह्वात्तै बढ्न सक्ने सम्बन्धित क्षेत्रका विशेषज्ञ चिकित्सकहरु बताउँछन् । यदि यस्तो अवस्था आएमा सावधानी र सुरक्षाका लागि गर्नुपर्ने आवश्यक तयारी भने न्यून रहेको छ ।

सरकारी अस्पताल कोशीको साइक्याट्रिक विभाग (मानसिक रोग विभाग) अहिले खाली छ । अस्पतालको यो विभागका लागि एघारौं र नवौं तहका विशेषज्ञ दरबन्दी भएपनि अस्पतालमा चिकित्सक छैनन् । करारमा नवौं तहमा डा.निकेश राज भण्डारीलाई राखिएको छ । त्यस बाहेक अन्य जनशक्तिको व्यवस्थापन विभागमा छैन ।

कोशी अस्पतालका सूचना अधिकृत बिष्णु बुढाथोकीका अनुसार अस्पतालमा २४९ जना सरकारी र विकास समितिका २६७ जनाको दरबन्दी रहेको छ । त्यसमध्ये विकास समितिको दरबन्दी न्यून संख्यामा मात्रै खाली नभएपनि सरकारी दरबन्दीका चिकित्सक तथा स्वास्थ्यकर्मी अपर्याप्त रहेको छ ।

मानसिक विभाग मात्रै नभई अन्य विभागमा समेत विशेषज्ञ चिकित्सक अभाव छ- बुढाथोकीले भने-झण्डै ६० जना स्वास्थ्य जनशक्तिको अभाव छ । अस्पतालका विभिन्न विभागमा १७ जना विशेषज्ञ चिकित्सक आवश्यक रहेकोमा ३ जना मात्रै कार्यरत रहेको उनले जानकारी दिए ।

मानसिक विभागमा समेत जनशक्ति अभाव भएका कारण अधिकांश समय यो विभागमा बाहिरबाट ढोका लाग्ने गरेको छ । समस्याले ग्रस्त तथा रोगी सरकारी अस्पतालमा आउने भएपनि उपचार हुने अवस्था नभएको हो ।



करारमा राखिएका चिकित्सकले आफ्नो ड्यूटीमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने भएपनि अन्य समयका लागि चिकित्सक अपुग रहेको छ । कोशीमा तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट डा.रोशन पोखरेल हुँदा मानसिक विभागमा केही सुधार गरिएको थियो । डा.पोखरेल अहिले विभागमा सरुवा भएर गएदेखि कोशी मात्रै नभई पूर्वमा उनले हेर्दै आएका विरामीसमेत अप्ठ्यारोमा परेका हुन् । विशेषज्ञ चिकित्सक पोखरेलकै स्थानमा डा.निकेशलाई करारमा राखिएको हो ।

युवा उमेरमा देखिँदै गएको समस्यालाई तत्काल निरुपण गर्नुपर्ने आवश्यकतामा ढिला गर्न नहुने राजभण्डारी बताउँछन् । यसका लागि सरकारले प्रत्येक स्थानीय तहमा परिचालन गर्ने तयारी गरिरहेको मनोसामाजिक परामर्शकर्तालाई तत्काल खटाउनु पर्ने जरुरी रहेको डा.राजभण्डारीको भनाइ छ । उनका अनुसार स्वास्थ्य क्षेत्रले मात्रै काम गरेर नपुग्ने भएकोले सामाजिक सद्भाव बढाउनु पर्ने आवश्यकता पनि उत्तिकै रहेको छ ।

प्रदेश १ मा चालू आर्थिक वर्ष २०७६/२०७७ को शुरूवाती ८ महिनामा १ हजार २२ जनाले आत्महत्या गरेको प्रदेश १ प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ । प्रहरीले अभिलेख गरेको तथ्यांक अनुसार गतवर्षको चैतदेखि असारसम्मको अवधि र चालू वर्षको यसै अवधिमा आत्महत्या गर्नेको संख्यामा खासै अन्तर देखिएको छैन । यस अवधिमा मोरङमा आत्महत्या गरी ज्यान गुमाउने सबैभन्दा बढी छन् । मोरङमा ७८ जनाले आत्महत्या गरेका छन् । मोरङपछि झापामा ७६ जनाले आत्महत्या गरेका छन् । यसैगरी सुनसरीमा ५७ जना, र सबैभन्दा कम तेह्रथुम, संखुवासभामा र ताप्लेजुङ्गमा छन् ।

प्रहरीको तथ्यांकमा तेह्रथुम, संखुवासभा र ताप्लेजुङ्गमा १४/१४ जना, इलाममा ३७, उदयपुरमा २७, ओखलढुङ्गामा र धनकुटामा १५/१५ जना, पाँचथर र सोलुखुम्बूमा १६/१६, खोटाङ्ग र भोजपुरमा १७ जनाले आत्महत्या गरी ज्यान गुमाएका हुन् । चैतको ११ गतेदेखि ३० गतेसम्म ६३ जना, बैशाखमा १२० जना, जेठमा १३९ जना र असार १ गतेदेखि १६ गतेसम्म ९१ जनाले आत्महत्या गरेका हुन् ।

आत्महत्याका लागि धेरैले झुण्डिने माध्यमलाई रोजेको देखिन्छ । सामान्य अवस्थामा कूल आत्महत्या दरमा विष सेवन गरेर आत्महत्या गरेको देखिएको थियो । न्यून संख्यामा हामफालेर र डुबेर आत्महत्या गरेको देखिन्छ ।

गत आर्थिक वर्ष २०७५/२०७६ मा प्रदेश १ मा १ हजार ५८ जनाले आत्महत्या गरी ज्यान गुमाएका थिए । गत वर्षको चैतमा ८४, वैशाखमा १०४, जेठमा १२९ र असारमा ११२ जनाले आत्महत्या गरी ज्यान गुमाएका थिए ।

अनावश्यक दवाव, त्रास र उदासीले सिर्जना गर्ने (एन्जाईटी) तनावलाई तत्काल बुझ्न आवश्यक रहेको छ । डा.राजभण्डारीका अनुसार यो कुरा परिवार र समाजले नै धेरै बुझ्नुपर्ने हुन्छ । यसको अवधि लामो हुने भएकोले परिवार वा समाजले प्रत्येक अवस्थामा शंकास्पद देखिएको उसको आत्मबल उठाउन सहयोग गर्नुपर्ने हुन्छ ।

दुःख, पीडाको महसूस गर्नु, दैनिक गतिविधिमा रुचि नहुनु अथवा खुसी नमिल्नु, यस्तो मानिसलाई कहिलेकाहीँ हुनु स्वभाविक नै मानिन्छ । तर, यस्ता लक्षण लामो समयसम्म रहिरहेमा डिप्रेशनको शिकार बन्दै गएको हो भन्ने कुरालाई आफैंले पनि मनन् गर्नुपर्नेमा चिकित्सकहरुको जोड छ ।

मानसिक स्वास्थ्य विकारको रुपमा डिप्रेशनलाई बुझेर उसलाई स्याहार तथा सुरक्षा गर्ने अवधिमा परिवार र समाजले पनि उत्तिकै विश्वास बढाउनु पर्नेमा डाक्टर निकेशको जोड छ । उदास, शक्तिहीन महसुश, ध्यान बिकेन्द्रीत, दुःखी, रिस र डर जस्ता गतिविधिसँगै आनन्ददायक गतिविधिमा रमाइलो नलाग्नु, निराश हुनु, चिन्तित रहनु, धेरै निदाउनु अथवा पटक्कै निद्रा नलाग्नु, अस्वस्थ आहार गर्न मन लाग्नु, अरुबाट टाढा रहनु, स्पष्ट सोच र निर्णय गर्न नसक्नु, अपराध बोध हुनु, आफूलाई दुःख दिने विचार आउनु, टाउको अथवा मांसपेशीमा पीडा महसूस हुनु, जथाभावी औषधि र लागूपदार्थको सेवन जस्ता समस्या हुने डिप्रेशनका लक्षण मानिएका छन् ।

# सांस्कृतिक अतिक्रमणबिरुद्ध लिम्बूहरु एक हुँदै

**ताप्लेजुङ, असार १८।** ताप्लेजुङका लिम्बू समुदायका सांस्कृतिक र भाषिक अतिक्रमणविरुद्ध एकजुट भएका छन् ।

फुङ्लिङमा बृहत् भेला आयोजना गरी जिल्लामा रहेको धार्मिकस्थल तथा शक्तिपीठ ‘मुक्कुमलुङ’ लगायत बिभिन्न ठाउँलाई एकल जातीय राज्यसत्ताले सांस्कृतिक र भाषिक अतिक्रमण गरेको ठहर गर्दै, अतिक्रमित स्थानका नाम पुर्नस्थापित गर्ने प्रतिबद्धतासहित सम्पूर्ण थरी याक्थुङ्बा लिम्बूहरू एक भएका हुन् ।

भेलाले मुक्कुमलुङ नामको सन्दर्भमा, प्राचीनकालदेखि याक्थुङ लिम्बू आदिवासीहरूले मानी, पुजेर ल्याएको प्राकृतिक, मौलिक, ऐतिहासिक, पुरातात्विक शक्तिपीठ यसै ताप्लेजुङ जिल्ला साविकको गाविस तापेथोक, लिङ्खिम, फुरुम्बू, फावाखोला, सिकैचाको संगमस्थलमा रहेको ‘मुक्कुमलुङ’लाई पहिलो पटक राज्यले लिएको, एक भाषा, एक धर्म, एक संस्कृतिको नामबाट अतिक्रमण गर्ने क्रममा जबरजस्ती र नियोजित ढंगबाट पाथीभरा बनाइएको अस्वीकार गर्दै, परापूर्वकालदेखि पूजेर ल्याएको ‘मुक्कुमलुङ’को नाम पुनर्स्थापित गर्ने निर्णय गरेको छ ।

उक्त भेलाले श्री लिङखिमको संयोजकत्वमा तत्काल ३० सदस्यीय र बाँकी थरलाई समेट्दै लाने गरी मुक्कुमलुङ संयुक्त संघर्ष समिति गठन गरेको छ । किरात याक्थुङ चुम्लुङ, फुङ्लिङ नगर कार्यसमिति सचिब ज्ञानु फुरुम्बो चरपेले मुक्कुमलुङको ऐतिहासिक, प्राचिन र मुन्धुमी आधारका प्रमाणहरू पेश गरेका थिए । त्यसपछि भेलामा फ्लोर खुल्ला गरिएको थियो । बिभिन्न थरका संस्थागत प्रतिनिधिहरूले सांस्कृतिक अतिक्रमणको बिरोध गरेका छन् ।

उनीहरूले, सेन्छेलुङलाई कञ्चनजंघा, फक्ताङ्लुङलाई कुम्भकर्ण, चमजमलुङलाई सगरमाथा, मुक्कुमलुङलाई पाथीभरा, शेम्सेमलुङ वा शेवालुङलाई मानाभरा आदि, राज्यको एकल जातीय, धार्मिक, सांस्कृतिक, भाषिक र लिपीगत तरिकाले अतिक्रमण गरेको आरोप लगाए ।

त्यस्तै, भेलामा सहभागीहरूले, आइएलओ एक सय ६९ मा सरकारले हस्ताक्षर गर्ने, तर पालना नगरेकोप्रति वक्ताहरूले आपत्ति जनाए । मुक्कुमलुङ संरक्षण समिति, किरात याक्थुङ चुम्लुङ जिल्ला शाखा, ताप्लेजुङ लगायतले यसअघि नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालयसहित सम्पूर्ण सरोकारवाला निकाय समक्ष ज्ञापनपत्र बुझाइसकेको स्मरण गराउँदै, राज्य र सरोकारवालाले बेवास्था गरेको खण्डमा राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायिक बाटो अवलम्वन गर्नुपर्ने सुझाए ।

भेलालाई अडियो सन्देश मार्फत सम्बोधन गर्दै, कृष्ण भट्टचनले नेपालका आदिवासीमाथि शताब्दीऔंदेखि राज्यले एकल भाषा, संस्कृति, धर्म लादेको बताए । उनले, समय आएपछि आफैं ती स्थान र सांस्कृतिक अतिक्रमणहरू वास्तविकतामा आउने धारण राखे ।

# ‘एकका लागि एक’ अभियानमा बुधबारे जेसीजको पनि साथ




**बुधबारे, असार १८।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका लागि बुधबारे जेसीजले ११ हजार रुपैयाँ प्रदान गरेको छ ।

एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरी र सहसंयोजक विनोद बस्नेतलाई बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राई, पूर्व अध्यक्षहर फडिन्द्र चापागाईं, सेवन्त पोखेल, प्रकाश भण्डारी, कार्यकारिणी उपाध्यक्ष गजुहाङ योङहाङ, सचिव अनिल वाग्ले लगायतले उक्त रकम प्रदान गरेका थिए ।

मानवताको सेवा नै जीवनको सर्वोच्च कार्य हो भन्ने जेसीज आस्थाको अनुशरण गर्दै सामाजिक उत्तरदायित्व अन्तरगत उक्त रकम प्रदान गरिएको बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राईले बताए । कार्यक्रममा एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले बुधबारे जेसीजले गरेको सहयोगको सराहना गर्दै पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि सहयोग गर्न सबैलाई आग्रह गरे ।

## फरार अभियुक्त पक्राउ

**धनकुटा, असार १८।** जिल्ला अदालत उदयपुरको फैसला अनुसार लागूऔषध मुद्दामा १ महिना कैद र ३ हजार जरिवाना फैसला भएका २ जना फरार अभियुक्तलाई ७ बर्ष पछि पक्राउ गरिएको छ ।

चौदण्डीगढी नगरपालिका- ७ का २५ बर्षीय अनुप खड्का र चौदण्डीगढी नगरपालिका- ६ का २२ बर्षीय नाप्सु आले फैसला सुनाइएकै दिनबाट फरार भएकोमा खोजतलास गर्ने क्रममा बुधवार इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ परेका दुवै जनालाई तोकिएको कैद तथा जरिवाना भुक्तानको लागि जिल्ला अदालत उदयपुर बुझाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ओली ...

प्रभावित हुँदै आएका थिए ।

बैठकमा नेपालको सीमा समस्या र समाधान, सरकारको समग्र समीक्षा, कोरोना रोकथाम र उपचार, पार्टी एकताका बाँकी काम, एमसीसीलगायत कार्यसूची राखिएका थिए ।

ओलीले आफूले पद छाड्नु परे पुष्पकमल दाहाल वा माधव नेपाललाई नछाड्ने बरु सहमतिमा नयाँ व्यक्तिलाई बनाउने भन्दै सुवास नेम्बाङको नाम लिएपछि नेकपाको राजनीतिमा नयाँ तरंग शुरु भएको छ । चरम राजनीतिक संघर्षमा रहेको सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा परिस्थिति यस्तो भएको छ कि नेताहरुले संयम देखाएनन् भने कुनैपनि बेला यो पार्टी दुई टुक्रामा चोइटिने छ ।

प्रधानमन्त्री ओली सरकार र पार्टी दुबै मोर्चामा असक्षम भएको भन्दै हटाउन दाहाल र नेपाल पक्षका नेताहरु लागेपछि ओलीले पनि नयाँ तुरुपका रुपमा नेम्बाङलाई अघि सारेका हुन् । प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष ओलीलाई दुबै मोर्चाबाट मिल्काउन कम्मर कसेका नेताहरु संसदीय दलका उपनेता सुवास नेम्वाङलाई भावी प्रधानमन्त्री बनाउने ओलीको यो प्रस्ताव सुनेर झस्किएको जनाइएको छ । ओलीको प्रस्तावमा दाहाल-नेपाल दुबै नेताले कुनै प्रतिक्रिया नदिएको स्रोतले जनाएको छ ।

ओलीले प्रधानमन्त्रीका रुपमा नेम्वाङलाई अगाडि सारेपछि नेकपाको आन्तरिक गूटगत समीकरणमा पनि फेरबदल आएको छ । खासगरी लामो समयदेखि बिना शर्त प्रधानमन्त्री ओलीलाई समर्थन गर्दै आएका गृहमन्त्री रामबहादुर थापा बिच्किएका छन् । बुधबार बेलुकादेखि फेरि दाहाल-नेपाल शिविरमै फर्किएका थापाले ओलीबाट सरकार र पार्टी दुबै नचल्ने झम्सीखेल बैठकमा बताए ।

यस पटक ओलीलाई जसरी पनि हटाउने अभियानमा जुटेका दाहाल-नेपाल समूह भने ओलीका कुनै पनि प्रस्तावमा नअल्मलिने पक्षमा छन् ।

नेकपामा स्थायी समितिका ४५ मध्ये ३० सदस्य दाहाल-नेपाल खेमामा रहेकाले ओलीको तुलो कमजोर भएपछि ओली दोवाटोमा छन् ।

## निर्माण ...

कम्पनीले लामो समयदेखि दबाब दिँदै आएका थिए । सरकारले त्यही माग अनुसार, स्वदेशी कम्पनीलाई प्रोत्साहित गर्न भन्दै निर्माण व्यवसाय ऐन संशोधन गरी ६ करोडको सिलिङलाई ३ अर्ब रुपैयाँ पुऱ्याउन लागेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले संशोधनको मस्यौदा तयार पारी मन्त्रिपरिषदमा लाने तयारी गरेको छ । मन्त्रालयले तयार पारेको मस्यौदामा केही सर्त छन् । जस्तो एक अर्बको ठेक्का पाउनका लागि यसअघि ८० करोडको काम गरेको हुनुपर्ने प्रस्ताव छ । यस्तै एक वर्षमा सक्नुपर्ने ठेक्काको म्याद ६ महिनाभन्दा बढी थप नगर्ने सर्तलाई नेपाल निर्माण व्यवसायी महासंघले ठूला ठेकेदारको पक्षमा कानून संशोधन गर्न लागेको आरोप लगाएको छ ।

महासंघका अनुसार ३ अर्बका सार्वजनिक निर्माण एक वर्षमा गर्न सक्ने कम्पनी डेढ दर्जनभन्दा धेरै छैनन् । सार्वजनिक खरिद ऐन र निर्माण व्यवसाय ऐनमा गर्न लागिएको संशोधनले सीमित ठेकेदार मात्र लाभान्वित हुने महासंघको भनाइ छ ।

सरकारले एक महिनाअघि सार्वजनिक खरिद ऐन दोस्रो संशोधन विधेयक संसदमा दर्ता गराइसकेको छ । त्यो विधेयकमा लागत अनुमानभन्दा ३० प्रतिशत कमको बोलपत्रलाई मूल्यांकनमा सहभागी नगराउने, लागत अनुमान र डिजाइनमा लापर्वाही गर्ने कर्मचारी तथा परामर्शदातालाई कारवाही गर्ने, सार्वजनिक निर्माणको मर्मत सम्भारको जिम्मा ठेकेदारले एकदेखि पाँच वर्षसम्म लिनुपर्नेलगायत विषय प्रस्ताव गरिएको छ । मन्त्रालयले ती ठेकेदारलाई निर्माण व्यवसाय ऐनमा गर्न लागिएको संशोधन प्रस्तावमाथि छलफलका लागि शुक्रबार डाकेको छ ।

## संघीय ...

संशोधनलगायत महत्वपूर्ण काम सम्पन्न गरेको छ । विषमावस्थामा समेत जनताका दैनिकीसँग जोडिएका विविध विषयमा छलफल भई सङ्घीय संसद्ले सरकारलाई दिशा निर्देश गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## क्षति कम गर्न सजग होऔं

**यस वर्षको मनसुन बेलैमा शुरु भएको छ । शुरुदेखि नै नियमित वर्षा हुन थालेपछि किसानहरु खुशी छन्, तर अत्यधिक वर्षा हुँदा आउन सक्ने बाढी, डुवान र कटानले पार्ने क्षतिप्रति भने चिन्तित पनि । यसै वर्ष बाढी र पहिरोमा परेर प्रदेश नम्बर १ मा मात्रै नौ जनाको ज्यान गइसकेको छ । यसबाहेक देशका अन्य प्रदेशहरुमा समेत बाढी र डुवानमा परेर धेरैको मृत्यु भइसकेको छ भने कतै पहिरोले जनधनको क्षति गरेको छ । वर्षाद्को कहर हाम्रो नियमितता नै हो । जलस्रोतले धनी देशमा हिमालबाट निस्किएर पहाड हुँदै तराईसम्म आइपुग्दा अनन्त स्रोत भएका नदीहरुले कतै कटान गर्छ, कतै पहिरो र कतै डुवानले जीवन तहसनहस हुनु अनौठो होइन ।**

**वर्षेनि हुने यस्ता प्रकोपको व्यवस्थापन गर्न, पीडितलाई सुरक्षा र राहत प्रदान गर्न सरकारले विपद् व्यवस्थापन समिति गठन गरेको छ । उसले स्थानीय तहसँग समेत समन्वय गर्दै बाढी–पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुको पहिचानसहित उद्धारमा सहयोग गर्छ । विपद् व्यवस्थापन समिति जिल्ला–जिल्लामा गठन गरिएको छ र त्यसको नेतृत्व प्रमुख जिल्ला अधिकारीले गर्छन् । समितिमा नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीसहित रेडक्रस सोसाइटी लगायतका स्वयम्सेवी संस्थाहरु हुन्छन् । विपद्मा उद्धार गर्न प्रशिक्षित जनशक्तिसहितको समितिलाई यस वर्ष पनि वर्षाद् प्रारम्भ भएसँगै तयारी अवस्थामा राखिसकिएको झापामा प्रजिअ उदयबहादुर रानाले बताएका छन् ।**

**झापा भएर बग्ने कन्काई र विरीङ नदीलाई झापाको दुःख भनिन्छ । यो दुःख केवल वर्षाद्का समयमा मात्र भोग्नु पर्दछ । हुन त नदीनाला पृथ्वीकै जीवन बचाइ राख्ने आधार हो र प्राण हो । तर, यिनको प्रवाहमा असन्तुलन आयो अथवा वहाव र जलस्तर उच्च भयो भने त्यसले पार्ने असर नै मानव जातिको दुःख बन्ने गरेको छ । त्यही अवस्था उत्पन्न हुने झापाका मुख्य दुई नदी बाहेक सीमान्त नदी मेची, रतुवा, कमल र बिर्तामोड भएर बग्ने अन्धुवाले समेत वर्षादका समय प्रत्येक वर्ष मानवीय तथा भौतिक क्षति पुऱ्याउँदै आएको छ । सरकारले विगतको क्षतिलाई आधार मानेर त्यही अनुसारको पूर्व तयारी गर्नुपर्ने हुन्छ । तर, यो वर्ष कोरोना कहरले सरकार आफैं रनभुल्लमा छ । यस्तो बेला स्थानीय सरकारले प्रदेशसँगको समन्वयमा विपद् व्यवस्थापन समितिसँग सहकार्य गर्दै क्षति न्यूनीकरण गर्न अग्रसर हुनुपर्छ ।**

**वर्षेनि नदी क्षेत्र अतिक्रमण हुँदै जाँदैछन् । जनसंख्या वृद्धिको असर प्राकृतिक स्रोतहरुमाथि पर्ने भएकाले बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरु नियमित जस्तै हुन थालेका छन् । तिनको असर र क्षतिबाट जोगिने हो भने प्राकृतिक स्वरुप विखण्डित हुनुहुँदैन । विश्वकै तथ्यांकमा नेपाल जोखिमको ३०औं स्थानमा छ । गत वर्षमात्र बाढीपहिरोका कारण एक सय छपन्न जनाले ज्यान गुमाएको तथ्यांकलाई दृष्टिगत गरी सतर्कता, सजगता र सावधानी अपनाउनु पर्छ । खासगरी झापामा सबैभन्दा बढी प्रभावित झापा गाउँपालिकामा कन्काई, विरीङ लगायतका नदीहरुले वर्षेनि ठूलो क्षति गर्दै आएका छन् । त्यसबाहेक मेचीनगर, अर्जुनधारा, बिर्तामोड, भद्रपुर, कचनकवल लगायतका प्रायः सबै पालिकाहरु बाढी र डुवानबाट प्रभावित हुने गरेका छन् । त्यसैले स्थानीय प्रशासनदेखि सरकार र विपद् व्यवस्थापन समितिले अत्यन्त चनाखो रहँदै क्षति न्यूनीकरणमा योगदान गर्नु नै पीडा कम गर्ने ओखती हुन सक्छ ।**

# सुशासन र नेकपाको सरकार



ओम आचार्य

> सरकारमा बसेका र यसको नेतृत्व लिएकाहरुले जनतासँग गरेका वाचाहरु बिर्सनु हुँदैन र सरकार नीति र कार्यक्रम जनतासम्म पुऱ्याउने सरकारी संयन्त्रले मालिक होइन सेवकको भावना बनाउन सके सुशासन दिन सक्छ । सरकार पारदर्शी हुन सक्नुपर्छ । सूचना सम्प्रेषण गर्ने सञ्चार क्षेत्रलाई नै अंकुश लाउन उद्दत हुनुहुँदैन जस्तो अहिले भइरहेको छ ।

नेकपा एमालेमा हाल सिर्जित घटनाक्रमले जसरी प्रधानमन्त्री केपी ओलीको आफ्नै पार्टीभित्रबाट राजीनामा मागेर पार्टीभित्रको विवाद र द्वन्द्व अब उत्कर्षमा पुग्दै एमालेभित्रको यो विवाद अब अघोर रुपमा प्रकट हुनेछ। दुई अध्यक्ष केपी ओली र प्रचण्डको राजनीतिक पृष्ठभूमि समान जस्तै जस्तै छ र मुलुकको सर्वोच्च पद प्राप्त गरेका र गरिसकेका यी शीर्ष नेताहरुमा यस्तो प्रकारको विवाद र द्वन्द्वको सिलसिला चलिरहनु निश्चय पनि पार्टीका लागि र नेताहरुको व्यक्तिगत जीवनमा पनि आँच मात्रै आउँदैन कि त्यसले देशलाई पनि नोक्सानीमा पुऱ्याउँछ।

कम्युनिष्ट पार्टीमा र त्यो पार्टीको नेतृत्वमा रहेको सरकारमा आफ्नै पार्टीबाट विपक्षी दलले गर्ने जस्तो व्यवहार गरेर सरकार नै असफल गराउने गरी गरिएको यस्तो प्रकारको वैचारिक द्वन्द्व र आरोप-प्रत्यारोपले देशको राजनीतिक भविष्यमा धेरैले संसय देख्दैछन् र भिन्दै राजनीतिक आंकलन गर्न थालेका छन्।

विश्वमा विश्व राजनीतिमा जहाँ जुन राष्ट्रमा कम्युनिष्ट सरकारको नेतृत्व छ या थियो ती राष्ट्रमा मौजुदा सरकारको मौजुदा पार्टीको विपरीत जाँदा या फरक मत राख्दा घटिने या घटाइने घटना डरलाग्दो भएको तथ्य भए पनि नेपालमा रहेको कम्युनिष्टबाट यस्तो प्रपञ्च हुँदैन ? यसमा हामी विश्वस्त हुन सक्छौं ?

कृष्णबहादुर महरा र गोकर्ण बिष्ट यी दुबै राजनीतिज्ञ नेकपा एमालेका एकीकरण पूर्वका दुई पार्टीका दुई शीर्ष नेताका नजिकका व्यक्तिको राजनीतिक भविष्यमा प्रश्न यही द्वन्द्वकै कारणको रुपमा लिने गरेका छन्। र, अहिले दुई विचार र सिद्धान्त बोकेको दुई राजनीतिक पार्टीको एकीकरण या एकअर्कामा विलय जे भनौं यी दुई पार्टी अझै पनि आपसमा समाहित हुन सकेका छैनन् र यसैको परिणाम हो यो वर्तमान स्थिती।

**नेकपा नै सरकारमा, नेकपा नै प्रतिपक्षमा**



जब नेकपाको सरकार बन्यो त्यो पनि पूर्ण बहुमतको शक्तिशाली सरकार अर्कोतिर नेपाली कांग्रेस प्रतिपक्षी। वैधानिक रुपमा प्रतिपक्षी नेपाली कांग्रेस हो र संविधानतः प्रतिपक्षको नेताले पाउनुपर्ने सुविधाहरु नेपाली कांग्रेसले भोग गर्दैछ। तर, त्यो प्रतिपक्षको भूमिका त्यसको सक्रियता नेकपाले नै गरिरहेको छ। नेकपाको वर्तमान राजनीतिको विकसित घटनाक्रमले अब नेकपा चीन र रुसको जस्तो कम्युनिस्ट चाहीँ होइनन् अहिलेको नेकपा पार्टीको नेतृत्वबाट सरकारको नेतृत्व लिएका प्रधानमन्त्री केपी ओलीलाई कसैको भय छ । डर छ भने आफ्नै पार्टीको र आफ्नै पार्टीको अर्का अध्यक्ष प्रचण्ड र माधवकुमार नेपाल लगायतका नेतृत्वबाट छ नेपाली कांग्रेससँग छैन।

**गणतन्त्र स्थापना पछिको असफल सरकार**

केपी ओलीको प्रधानमन्त्रित्व सरकारको निर्माण भएदेखि नै यो नेतृत्वको सरकारलाई अधिनायकवाद लादेको/आरोप लाग्दै आएको, भ्रष्टाचार चरम पुगेको, भ्रष्टाचारको विरुद्धमा सडकमा जुलुस र नारा नै लगाएर विरोध गरेको सम्भवतः गणतान्त्रिक सरकारमा यही सरकारमा हो, विचार र अभिव्यक्तिको स्वतन्त्रतामा अंकुश लाउन प्रयत्न गरेको, एमसीसीको विषयमा वर्तमान सरकारलाई राष्ट्रघातको आरोप लागेको, हत्या, बलात्कार र कोरोनाको उपचार र रोकथाममा असफल हुँदै गएको र १० अर्बको हिसाब खोजेको यी सबै आरोप वर्तमान सरकारलाई लागेको छ।

यी सबैको विरुद्धमा ओली सरकारलाई कसैले चोर औला देखाएको छ भने त्यो नेकपा पार्टीबाटै दरोसँग देखाइएको छ। ओली सरकारले धेरै पटक धेरै विधेयक ल्याउने जमर्को गऱ्यो र कति त विधेयक टेबुलसम्म पनि गरे अन्ततः नेपाली कांग्रेस र आफ्नै पार्टीका सहकर्मी नेताहरुको विरोधका करण फिर्ता लिनु पऱ्यो । गणितीय हिसाबले ओली सरकार शक्तिशाली भए पनि यी मुद्दामा ओली सरकार निरीह र कमजोर देखिएको छ र यसमा प्रमुख कारक नेकपा नै देखिएको छ।

**सुशासन र नेकपा सरकार**

प्रजातन्त्रको लागी सुशासनको ठूलो महत्व छ र यो सुशासन भए जनतामा प्रजातन्त्रमा आस्था विश्वास र निष्ठा बढेर आउँछ। जनतालाई सरकारमा मै छु र यो सरकार मेरो हो भन्ने भाव जागृत हुनुपर्छ। सरकारमा बसेका र यसको नेतृत्व लिएकाहरुले जनतासँग गरेका वाचाहरु बिर्सनु हुँदैन र सरकार नीति र कार्यक्रम जनतासम्म पुऱ्याउने सरकारी संयन्त्रले मालिक होइन सेवकको भावना बनाउन सके सुशासन दिन सक्छ। सरकार पारदर्शी हुन सक्नुपर्छ। सूचना सम्प्रेषण गर्ने सञ्चार क्षेत्रलाई नै अंकुश लाउन उद्दत हुनुहुँदैन जस्तो अहिले भइरहेको छ। भ्रष्टाचार हुनुहुँदैन, नियम कानून र संविधानको उल्लंघन हुनुहुँदैन।

अहिलेको सरकार यी सबै माथिका विकृतिका कुरामा अग्रसर छ। सुशासनको अनुभूति दिन संकेको छैन र यही विद्यमान अवस्था रहे नेकपाको भविष्य नदेख्ने नेकपाभित्र कै पार्टीपंक्तिकाले सुशासन कै लागि प्रजातन्त्र र संविधानको रक्षाको लागि ओलीविरुद्ध उभिएका हुन्। सुशासन प्रजातन्त्रको लागि अपरिहार्य हो र सुशासनविरुद्धको सरकार सही मार्गमा ल्याउने काम नेपाली कांग्रेसको हो जुन आफै प्रतिपक्षको भूमिकामा रहे पनि त्यो भूमिका निर्वाह गर्न सकेको छैन। अहिले नेकपामा सृजित परिस्थिति र त्यो परिस्थितिले उब्जाएको द्वन्द्वमा दृश्य अदृश्यमा को-को छन्भन्दा पनि यसको अवतरण नायक नारायणकाजी श्रेष्ठ हुनेछन् आखिर पार्टी प्रवक्ता जो हुन्।

# पीसीआर प्रयोगशालाका लागि बुधबारे जेसीजको ११ हजार



**बिर्तामोड, असार १८।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका लागि बुधबारे जेसीजले ११ हजार रुपैयाँ प्रदान गरेको छ।

एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरी र सहसंयोजक विनोद बस्नेतलाई बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राई, पूर्व अध्यक्षहरु फडिन्द्र चापागाईं, सेवन्त पोखरेल, प्रकाश भण्डारी, कार्यकारिणी उपाध्यक्ष गजुहाङ योङहाङ, सचिव अनिल वाग्ले लगायतले उक्त रकम प्रदान गरेका थिए।

मानवताको सेवा नै जीवनको सर्वोच्च कार्य हो भन्ने जेसीज आस्थाको अनुशरण गर्दै सामाजिक उत्तरदायित्व अन्तरगत उक्त रकम प्रदान गरिएको बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राईले बताए। उनले झापामा कोरोना संक्रमितको संख्या बढिरहेको अवस्थामा 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट झापामै कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका स्थापना हुनु झापाबासीकै लागि गौरवको विषय भएको बताए।

कार्यक्रममा एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले बुधबारे जेसीजले गरेको सहयोगको सराहना गर्दै पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि सहयोग गर्न सबैलाई आग्रह गरे। उनले सरकार-समुदाय-सहकारीबीच साझेदारीको नमूनाको रुपमा साउन १ गतेबाट पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन हुने गरी कार्य अघि बढाइएको र सम्पूर्ण तयारी पूरा गरेर प्रदेश सरकारलाई पीसीआर परीक्षण प्रयोगशाला हस्तान्तरण गरिने जानकारी दिए।

'एकका लागि एक' अभियानका सह संयोजक विनोद बस्नेतले 'एकका लागि एक' अभियानमा हालसम्म देश तथा विदेशका ७० संघसंस्था र एक हजार एक सय व्यक्तिबाट सहयोग प्राप्त भएको बताए। उनले पीसीआर परीक्षण प्रयोगशालाका लागि हालसम्म ९५ लाख रुपैयाँ जुटिसकेको जानकारी दिए।

यसअघि बुधबारे जेसीजले कोरोना भाइरस संक्रमणको विषम् परिस्थितिमा बुद्धशान्ति क्वारेन्टाइनमा बस्ने नागरिकलाई एकदिनको खाना बराबरको ११ हजार रुपैयाँ, बुद्धशान्ति प्रेसक्लवमा आवद्ध १८ जना पत्रकारलाई स्यानीटाइजर, माक्स, ग्लोव्स, बुद्धशान्तिका दुई स्वास्थ्यकर्मीलाई पीपीई प्रदान गरिएको बुधबारे जेसीजका सचिव अनिल वाग्लेले वताए।

त्यस्तै बुधबारे जेसीजले बुद्धशान्ति गाउँपालिकाको कोरोना कोषमा २६ हजार दुई सय रुपैयाँ, ५७ पिस साबुन, बुद्धशान्ति गाउँपालिकाका २३ विपन्न परिवारलाई १५ दिन पुग्ने खाद्यान्न, बुद्धशान्तिकी एक सुत्केरी महिलालाई एक महिनापुग्ने खाद्यान्न र पौष्टिक आहार, बुद्धशान्ति गाउँपालिकाका विभिन्न १३ स्थानमा हातधुने साबुनपानिसहितको ट्यांकीको व्यवस्था र बुद्धशान्ति क्वारेन्टाइनमा कोरोनाभाइरसविरुद्ध सचेतनामुलक कार्यक्रम, लकडाउनको समयमा रक्तदान, करेन्ट लागेर ज्यान गुमाएका बुद्धशान्ति-१ का पदमलाल गड्तौलाको परिवारलाई घर निर्माणका लागि ३२ हजार रुपैयाँ सहयोग गरेको उनले जानकारी दिए।

# बन्दाबन्दीले चिया क्षेत्रमा लाखौंको घाटा

**इलाम, असार १८।** मुख्य सिजनमै बन्दाबन्दी भएपछि चिया क्षेत्रले लाखौँको घाटा व्यहोर्नु परेको छ। चियाकै राजा 'पहिलो टिपाइ' बेच्ने समयमा कोरोनाका कारण बन्दाबन्दी भएपछि एकातिर किसानले चिया टिपेर प्रशोधित क्षेत्रसम्म पुऱ्याउन सकेनन् भने अर्कातिर उद्योगमा प्रशोधन गरिएको चिया पनि बजारमा पुऱ्याउन नसक्दा समस्या भएको छ।

विशेषगरी चैतको दोस्रो साताबाट चियाको 'पहिलो टिपाइ' शुरु हुन्छ। यो चियाको अन्य सिजनको भन्दा गुणस्तरीय हुने भएकाले महँगोमा बिक्री हुन्छ। तर, यस वर्ष भने सोही समयमा बन्दाबन्दी भएपछि गुणस्तरीय चिया टिप्न सकिएन । गुणस्तरीय चिया नै प्रशोधन गर्न नसकिएपछि लाखौँको घाटा व्यहोर्नु परेको इलाम नगरपालिका-४ को जसवीरे चिया प्रशोधन केन्द्रका सञ्चालक सरद सुब्बा बताउँछन्। मुख्य सिजनमै उद्योग बन्द गर्नुपर्ने भएपछि तेस्रो मुलुकबाट चियाको माग आए पनि पठाउन नसकिएको सुब्बाको गुनासो छ।

'हामी चीन लगायतका तेस्रो मुलुकमा तयारी चिया पठाउछौं। तर, यो वर्ष अन्तर्राष्ट्रिय बजार ठप्प हुँदा अझैसम्म पनि पठाउन सकिएको छैन' -सुब्बाले भने- 'चिया किनेर प्रशोधन त गरियो तर बिक्री नहुँदा किसान र श्रमिकलाई दिने रकम समेत छैन।' उनका अनुसार लकडाउनको समयमा चिया बिक्री त भएन नै श्रमिक र किसानलाई हातमुख जोड्ने रकमको समेत समस्या पऱ्यो। त्यही सिजनमा चियाको भुक्तानी पनि दिन नसक्दा धेरै चिया किसान-श्रमिक चिढिएको सुब्बाको भनाइ छ।

पछिल्लो समय चिया बिक्री हुन नसकेपछि केही दिन उद्योग नै बन्द गर्नुपर्दा घाटा व्यहोर्नु परेको सूर्योदय नगरपालिकास्थित गोर्खा टी स्टेटका प्रमुख उदय चापागाईंले बताए। विभिन्न संस्था र व्यक्तिको सहयोगले प्रशोधन उद्योग खुले पनि बजारमा चिया पुऱ्याउन भने अझै समस्या पर्ने गरेको चापागाईंको भनाइ छ। 'एक चोटिको चिया चाहिँ गइसक्यो। लकडाउनकै समयमा भारतले चिया भन्सारमै रोकिदिएपछि पनि जान ढिला भयो' -चापागाईंले भने- 'तर अहिले अवस्था सामान्य भइसक्यो।'

उनले चिया बजारसम्म नपुगे पनि आफूले श्रमिक र किसानलाई पारिश्रमिक र चियाको मूल्य भने दिँदै गरेको जिकिर गरे। बन्दाबन्दीको चपेटामा परेका बेला श्रमिक र किसानको हातमुख जोड्ने वस्तु चिया समेत बिक्री नहुँदा समस्या आउन सक्ने भएकाले रकम भुक्तानि गरिसकेको बताए।

'धेरै उद्योगले चिया बिक्री भएपछि मात्र रकम दिने भन्दै उधारोमा चिया लिइरहेका छन् तर किसानलाई खाद्य संकट आउन सक्छ भनेर मैले चाहिँ सबैलाई दिइसकेको छु' -उनले भने। यस वर्ष बन्दाबन्दीका कारण पहिलो सिजनमा करिब रु. ६० लाख घाटा भएको केन्द्रीय चिया सहकारी संघका महासचिव रवीन राईको भनाइ छ। वन्दाबन्दीले चिया उत्पादित जिल्लामध्ये तराई क्षेत्रका जिल्लामा चियामा बढी घाटा व्यहोर्नु परेको महासचिव राईले बताए।



# ९३ वर्षमा नागरिकता !

**भोजपुर, असार १८।** भोजपुरको अरुण गाउँपालिकाका एक वृद्धले ९३ वर्षको उमेरमा नेपाली नागरिकता प्राप्त गरेका छन्।

शारीरिकरुपमा समेत अशक्त रहेका स्थानीय लाटा सार्कीलाई जिल्ला प्रशासन कार्यालयले उनी रहेको स्थान अरुण गाउँपालिकाको प्याउली पुगेर नागरिकता वितरण गरेको हो। स्थानीय जनप्रतिनिधि तथा मानव अधिकारीकर्मीले सार्कीलाई नागरिकता दिलाउनका लागि पहल गरेका थिए।

सांसद सुदन किराँतीको निर्देशनपश्चात् केही महिनाअघि नै सार्कीलाई नागरिकता वितरण गरेर राज्यबाट पाउने सेवासुविधाका लागि पहल गर्ने तयारी गरिएको भए पनि लकडाउनले ढिलाइ भएको प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले जानकारी दिए।

सार्कीलाई नागरिकता वितरणका लागि सांसद किराती पनि प्याउली पुगेका थिए। हेरचाह गर्ने अन्य कोही नभएकाले अधिकारकर्मीको अगुवाइमा सार्कीलाई मानव सेवा केन्द्र विराटनगर लैजाने तयारी गरिएको अधिकारकर्मी सम्झना प्रधानले जानकारी दिइन्।

लामो समयदेखि सडकमा बसेर मागेर खादै आएका सार्कीलाई अरुण गाउँपालिका- २ को सिफारिसमा वंशजका आधारमा नागरिकता दिएको सहायक प्रमुख जिल्ला अधिकारी रामप्रसाद लुइँटेलले जानकारी दिए। उनले आफ्नो नाम बताउन नसक्ने भएकाले स्थानीयले बोलाउँदै आएको लाटा सार्कीको नाममा नागरिकता दिएको उनले बताए।



# 'विधेयक संशोधन हैन अब पुनर्लेखन गर्नुपर्छ'

**चेतनाथ न्यौपाने: उपमहासचिव**
**नेपाल निजामती कर्मचारी संगठन**

**लामो समयदेखि संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको संघीय निजामती सेवा ऐनको विधेयक २०७७ असार १५ गते समितिको बैठकले बहुमतको निर्णयले पारित गरेको छ । यो सँगै निजामती कर्मचारीहरु आफ्नो अधिकार प्राप्तिका लागि अहिले आन्दोलनमा छन् । यसै विषयमा नेपाल निजामती कर्मचारी संगठनका उपमहासचिव चेतनाथ न्यौपानेसँग गरेको कुराकानीको सम्पादित अंश–**

**संघीय निजामती सेवा ऐन, २०७५ को विधेयक संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भयो नि यसलाई कुन रुपमा लिनुभएको छ ?**

- निकै लामो समयदेखि संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको संघीय निजामती सेवा ऐनको विधेयक २०७७ असार १५ गते समितिको बैठकले बहुमतको निर्णयले पारित गरेको छ । सार्वजनिक क्षेत्रको मूल मार्ग दर्शकको रुपमा रहने संघीय निजामती सेवा ऐनमा गर्नुपर्ने सुझावहरुको प्रतिवेदन समितिको बैठकले बहुमतको निर्णयबाट पारित हुनु राम्रो विषय होइन यो ऐन सर्वमान्य हुनुपर्दछ । निजामती क्षेत्रमा क्रियाशील रहेको राष्ट्रिय स्तरका ट्रेडयुनियहरुले पटक-पटक सल्लाह, सुझाव राखेका छन् । त्यसमा पनि विशेषगरी नेपाल निजामती कर्मचारी संगठनले कयौंपटक वार्ता, संवाद, सौदावाजी अगाडि बढाउँदा समेत सबै कुरालाई बेवास्ता गरी निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनसँग समेत छलफल नगरी तयार गरिएको प्रतिवेदन प्रति हाम्रो संगठनको घोर आपत्ति रहको छ ।

**तपाईहरुको असहमतिका विषयहरु के–के हुन् ?**

- मुख्यतः आन्दोलनको जगबाट उठेको ट्रेड युनियन अधिकार हाम्रो प्रमुख विषय हो । २०६२/०६३ को जनआन्दोलनको समयमा राजनीतिक दलरहरु रिङ्गरोड बाहिर आन्दोलन गर्दै गर्दा सिंहदरवारभित्र पहुँच पुऱ्याउन र आन्दोलनमा सहभागिता जनाउन राजनीतिक दलहरुले २०६२ चैत ३० गते कर्मचारीहरुलाई गरेको आह्वान, २०६२/०६३ को जनआन्दोलनबाट पुनः स्थापित भएको संसदबाट निजामती क्षेत्रमा कार्यरत उपसचिव स्तरसम्मका कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार प्रदान गर्ने गरी मिति २०६३ वैशाख २८ गते पारित भएको संकल्प प्रस्ताव, नेपाल सरकार र निजामती क्षेत्रमा क्रियाशील रहेका राष्ट्रियस्तरका ट्रेड युनियनहरु बीच मिति २०६३ आसार १० मा भएको सम्झौता, सम्माननीय प्रधानमन्त्री र मन्त्रीहरुसँगको हाम्रो पटक-पटकको भेटमा भएको विद्यमान निजामती सेवा ऐनमा रहेका प्रावधानहरु जस्ताको त्यस्तै रहने गरी संघीय निजामती सेवा ऐनमा समावेश गर्ने आश्वासनको बर्खिलाप हुने गरी राज्य व्यवस्था तथा सुशासन समितिबाट अधिकार नभएको एकल युनियनको प्रावधान रहनेगरी गरिएको प्रतिवेदन गम्भीर र आपत्ति रहेको छ ।

**ट्रेड युनियन अधिकारको कुरा मात्र गर्नुभयो नि ? कर्तव्य र सदस्य हितको कुरा छोड्नुभएको हो ?**

- नेपाल निजामती कर्मचारी संगठन यो विषमा सचेत छ । हाम्रा सबै सदस्यहरुको समस्याका विषयमा हाम्रो गम्भीर ध्यानकर्षण भएको छ । समायोजन ऐन २०७५ बमोजिम कर्मचारी समायोजन गर्दा भएका गम्भीर त्रुटीहरु, राजपत्र अनंकित र राजपत्रांकितबीचको ठूलो खाडल, सेवा प्रवेश गरेको पददेखि कम्तीमा दुई तह वा श्रेणीमा बढुवाको सुनिश्चित्ता हुनुपर्ने, कुनै पदहरुमा कार्यरत कर्मचारीको सात वर्ष सेवा अवधि पुगेपछि स्वतः माथिल्लो श्रेणीमा बढुवा हुने उल्लेख भएकोमा एउटा पदमा कार्यरत कर्मचारीलाई मात्र उक्त किसिमको व्यवस्था गरी रहँदा अन्य कर्मचारी जुनपदमा नियुक्ति भयो ।

सोही पदमा अवकास हुने अवस्थालाई पनि ध्यान पुऱ्याई सबैलाई प्राकृतिक न्यायको सिद्धान्त र समानताको हक विपरीत नहुने गरी व्यवस्था गर्नुपर्ने, राजपत्र अनंकितबाट राजपत्रांकितमा बढुवा हुन नसक्ने अवस्थाको अन्त्य गर्नुपर्ने, सबै सेवामा वृत्ति विकासको सामान अवसर प्रदान गर्नुपर्ने, तिनै तहमा कार्यरत कर्मचारीहरुलाई एकै प्रकारको प्रणाली र श्रेणीगत वा तहगत कायम गर्नुपर्ने, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई निजामती कर्मचारीको परिभाषाभित्र समेट्नुपर्ने, प्रदेश र स्थानीय तहमा समायोजन भएर गएका कर्मचारीहरुलाई संघीय निजामती सेवाको पदमा प्रतिष्पर्धा गर्न सबै पदका कर्मचारीहरुलाई अन्तर सेवा प्रतिष्पर्धाको व्यवस्था हुनुपर्ने, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई कार्यरत कर्मचारीलाई संघीय निजामती सेवाको पदमा प्रतिष्पर्धा गर्ने उमेरको हद नलाग्ने, तिनै तहमा सेवा प्रदान गर्दा क्षतिपूर्तिसहितको सेवा प्रवाहको ग्यारेण्टी गरिनुपर्ने, प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पठाउने लगायतका तमाम विषयहरु हाम्रा सरोकारका विषयहरु हुन् ।

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमका मन्त्रीले संसदमा उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव गरेपछि पास हुन्छ नि । यी तपाईले भनेका विषयहरु कहिले सम्बोधन हुन्छ ?**

- मलाई त्यस्तो लाग्दैन । यो विधेयक सदनमा प्रस्तुत हुँदा यसमा नमिलेका धेरै विषयहरु मिलाउनु पर्छ भनेर माननीय सासंदहरुबाट जम्मा ८१ वटा संशोधन प्रस्तावहरु परेका छन् । देशको समग्र प्रशासन संयन्त्रलाई मार्गदर्शन गर्ने ऐनको मस्यौदामा ८१ वटा संशोधन पर्छन् भने त्यो ऐन कस्तो बन्ला ? मलाई त लाग्छ त्यो विधेयक संशोधन हैन अब पुनः लेखन गर्नुपर्छ । ताकी अबका धेरै वर्षहरुसम्म पनि पुनः संशोधन गर्नु नपरोस् । कानून निर्माणकर्ता जति सक्षम बन्यो कानून त्यति नै समृद्ध बन्ने हो । जहाँसम्म माननीय मन्त्रीले संसदमा प्रस्ताव गर्ने कुरा गर्नुभयो । समितिको यो निर्णयप्रति माननीय मन्त्री आफै सन्तुष्ट हुनुहुन्न । यो विधेयकको मस्यौदा गर्दाका तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री माननीय लालबाबु पण्डित समेत सहमत हुनुहुन्न भने मन्त्रीहरु नै असन्तुष्ट रहेको ऐन संसदबाट कसरी पारित होला र ? मन्त्रीपरिषदले यो विषयलाई गम्भीरतापूर्वक लिएर सबैको सहमति अनुसारको ऐन जारी हुन्छ ।

**समितिले प्रतिवेदन दिई सकेपछि पुनः मन्त्रीपरिषद्मा छलफल होला त ?**

- यसभन्दा अघि पनि यही समितिले हचुवाको भरमा सबै स्थायी कर्मचारीलाई अवकाश दिएर करार प्रक्रियाद्वारा मुख्य सचिव लगायतका सबै पदमा करारमा कर्मचारी व्यवस्था गर्ने भनेर निर्णय गरेको थियो । यस्ता विवादित सबै निर्णयाहरु कार्यान्वय गर्न सकिन्छ होला र ?

**प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत पठाउने विषयमा आपत्ति जनाउनु भयो नि ?**

- संसदको राज्य व्यवस्था तथा सुशासन समितिले प्रदेशको प्रमुख सचिव संघीय सरकारको कर्मचारी र प्रदेशको सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेश सरकारका कर्मचारीलाई खटाउने गरी प्रतिवेदन पेश गरेको छ । के स्थानीयतहहरु प्रदेश सरकारमातहतका हुन् र ? सम्बन्धित स्थानीय तहका कर्मचारीबाट नै प्रमुख प्रशासकीय अधिकृत व्यवस्था गरिनुपर्छ । होइन भने अहिलेको व्यवस्था बमोजिम संघीय सरकारको प्रतिनिधिको रुपमा पठाउने व्यवस्था नै ठीक छ । अहिले प्रस्तावित व्यवस्था बमोजिम हुने हो भने धेरै स्थानीय तहहरुमा प्रदेश सरकारको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत पठाउँदा स्थानीय तहहरुबाट स्वीकार नगर्ने अवस्था आउन सक्छ । संघीय सरकारको कर्मचारी आउदा संघीय सरकारबाट स्थानीय तहलाई प्राप्त हुने अनुदान समेतको कुरा उठ्ने हुँदा अस्वीकार गर्ने अवस्था कम हुन्छ ।

**नेपाल निजामती कर्मचारी संगठनले बिग्रेका विषयहरु सच्याउन अब के गर्छ त ?**

- हामीले हाम्रो अगुवाईमा अन्य तीन वटा राष्ट्रिय स्तरका ट्रेड युनियनहरु नेपाल निजामती कर्मचारी युनियन (संघ), नेपाल राष्ट्रिय कर्मचारी सागठन (निजामती केन्द्रीय समिति) र नेपाल मधेशी निजामती कर्मचारी मञ्चलाई समेटेर असार १५ गते नै अन्तर ट्रेड युनियन सञ्जालको बैठक बसी हाम्रा साझा मुद्दाहरुलाई मागको रुपमा अगाडि सारेर ती मागहरुलाई मागपत्रको रुपमा नेपाल सरकारको ध्यानकर्षण गराउँदै प्राप्त अधिकारहरु रक्षाका लागि चरणबद्ध आन्दोलनका कार्यक्रमहरु तयगरी घोषणा गर्न निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन केन्द्रीय समितिलाई अनुरोध गरिसकेको छौं । साथै राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेको आम कर्मचारी विरोधी दफाहरुलाई तत्काल हटाई माथि मैले उल्लेख गरेका विषयहरु लगायतका सुझावहरुलाई समावेश गरी संघीय निजामती सेवा ऐन जारी गर्न प्रतिनिधि सभाका माननीय सदस्यहरु, राष्ट्रिय सभाका माननीय सदस्यहरु तथा नेपाल सरकारमा अनुरोध गरेका छौं ।

**आधिकारीक ट्रेड युनियनले आन्दोलन घोषणा गर्छ त ?**

- निजामती कर्मचारीहरुका वृत्ति विकास लगायतका यसभन्दा अगाडि प्राप्त उपलब्धिहरुको रक्षा गर्न तथा हालसम्म प्राप्त हुन नसकेका विषयहरु प्राप्तिको लागि निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका कार्यबाहक अध्यक्ष भोला पोखरेलको संयोजकत्वमा छ सय एक सदस्यीय आन्दोलन परिचालन समिति गठन गरी चरणवद्ध आन्दोलनका कार्यक्रमहरु घोषणा गरी आन्दोलन शुरु गरिसकेको छ ।

**आन्दोलन गर्ने भन्नु हुन्छ नि, सेवा प्रवाहमा ध्यान दिनु पर्दैन ?**

- आन्दोलन के का लागि भन्ने कुरामा पहिले स्पष्ट हुनुपर्छ । साविकका ऐन नियमहरुले दिँदै आएको सेवा, सुविधा र वृत्ति विकासका अवसरहरु गणतन्त्रको प्राप्ति पछि कम्युनिष्टको झण्डै दुईतिहाई बहुमतको सरकारले कटौती गर्छ भन्ने कुरा कल्पना पनि गर्न सकिन्न । श्रमिक र मजदुर वर्गको अधिकारका विषयमा यो सरकार र कम्युनिष्ट पार्टीका माननीय सांसदहरु यस प्रकारको हदसम्म झर्नु गलत कुरा हो । खाईपाई आएको सेवा, सुविधा र वृत्ति विकास तथा अधिकारहरु रक्षा गर्नको लागि हो आन्दोलन । कर्मचारीहरुको मनोबल उच्च रह्यो भने मात्र सेवा प्रवाह गुणस्तरयुक्त हुन्छ । गिर्दो मनोबल लिएर गरिएको सेवा प्रवाहमा गुणस्तर नहुन सक्छ । गुणस्तरयुक्त सेवा प्रवाहको लागि पनि अधिकार रक्षा गर्नुछ । साथै हाम्रो संगठन नेपाल निजामती कर्मचारी संगठनले सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन धेरै पहिलेदेखि नै क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टीको माग गरेको छ । हामी आन्दोलनमा सहभागी हुन जाँदा मार्का पर्ने सेवा ग्राहीलाई हाम्रो तलबबाट क्षतिपूर्ति दिन तयार छौं । राज्यको नीति-नियम कानूनको कारणले सेवाग्राही मार्कामा परेको भए राज्य कोषबाट क्षतिपूर्ति उपलब्ध गराउन सरकार तयार छैन ।

**आन्दोलन सफल होला त ?**

- मलाई चर्को रुपमा आन्दोलन गर्नुपर्छ जस्तो लाग्दैन । नेपालको संविधानको धारा ३४ को उपधारा (३) र श्रम ऐन २०६४ को दफा १८० उपदफा १(ख) मा ट्रेड युनियन अधिकारको कुरा स्पष्ट उल्लेख छ । अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओको आधारभूत अभिसन्धि नं. ८७ ले हरेक मजदुर तथा श्रमिकले आफुले रोजेको यूनियनमा सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गरेको छ । उक्त आधारभूत अभिसन्धी सबै राष्ट्रलाई पालना गर्न वाध्यकारी भएको र आइएलओ कै नं. ९८ ले सामुहिक सौदाबाजी गर्न पाउने अधिकार सुनिश्चित गरेको छ। जुन धारालाई नेपालले अनुमोदन समेत गरी सकेको छ । यी सबै विषयहरु अध्ययन गर्दा नेपालका सरकारहरु श्रमिक पक्षीय, मजदुर पक्षीय भएको कारणले तपाईले भने जस्तो आन्दोलन गर्नुपर्ने अवस्था आउँदैन । सरकारले ती कुराहरु बिर्सिए जस्तो लागेर सम्झाउनका लागि मात्र आन्दोलनको कार्यक्रमहरु सार्वजनिक भएका हुन् ।

**सरकारले सुनेन भने ट्रेड युनियनहरुले के गर्छन् ?**

- सदस्यहरुको हकहित, वृत्ति विकास र प्राप्त उपलब्धिहरुको रक्षा गर्न जस्तोसुकै कदम चाल्नु परे पनि पछि नपर्ने कुरा विभिन्न समयमा भएका गतिविधिहरुबाट शिक्षा लिन सकिन्छ । पञ्चायती शासनले गरेको भष्ट्राचारको छानविन गर्न माग गर्दै पोखरामा झपेन्द्र कार्की, वृत्ति विकास र सेवा सुविधाको माग गर्दै गरिएको आन्दोलनमा खोटाङ्गमा मनोज जोशी र स्वास्थ्यकर्मीको रुपमा जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दैगर्दा मुगुमा सुरेन्द्र विकले सहादत्त प्राप्त गर्नुभएको र कयौं अग्रजहरुले जागिरबाट हात धुनु परेको कुरा अझै ताजै छ ।

**अन्त्यमा ?**

- छोटो रुपमाभन्दा नेपाल निजामती कर्मचारी संगठनका सबै नेता, कार्यकर्ता, शभेच्छुक, संघीय सरकारका कर्मचारी, प्रदेश र स्थानीय तहका सबै कर्मचारीहरुलाई प्राप्त उपलब्धिको रक्षा र आगामी दिनमा जागिरे जीवनलाई सुमधुर बनाउँदै सेवा प्रवाहमा खटिन गरिने लडाईलाई निष्कर्षमा पुऱ्याउने गरी तयारी रहन अनुरोध गर्दछु ।

# बेहुलासहित जन्ती बाटोमै अलपत्र

**शिवसताक्षी, असार १८।** सिरहाबाट दुलही लिन झापा आएको माइक्रो बसलाई इलाका प्रहरी कार्यालय झिलझिलेले सवारी पास नभएको भन्दै रोकीदिएपछि बुधबार बिच बाटोमै बेहुला र १८ जना जन्ती अलपत्र परे ।

भद्रपुर- ५ बसपार्ककी मनिका यादवलाई लिन दुलहा बनेर भद्रपुर आउँदै गरेका सिरहा- १५ का रोहित यादवलाई प्रहरीले साँझ ५ बजेदेखि राजमार्गमा रोकेर पौने १० बजे छोडेको हो । जबकी उनीहरुको विवाहको साइत राति सवा ९ बजेको थियो । प्रहरीले पटक्कै व्यवहारिकता नबुझेको उनीहरुले गुनासो गरे । 'आखिर छाड्नै रहेछ । पाँच घण्टा सडकमा प्रहरीले दुलहालाई किन अलपत्र पारेर छाड्यो ? उनीहरुले स्थानीय सञ्चारकर्मीसँग यही प्रश्न राखे ।

जन्तीका अनुसार सवारी पास बिना जान पाइन्न भन्दै प्रहरीले घर फर्कन भनेको थियो । सिरहाबाट भद्रपुर पुगेर बेहुली लिन झिलझिलेसम्म आइपुगेको जन्तीलाई प्रहरीले घर फर्कन दिएको दवाब सवारी चेकिङ्गमा परेका अन्य कसैलाई पनि चित्त बुझेको थिएन । केही प्रत्यक्षदर्शी भन्दै थिए- 'यस्तो व्यवहार गर्ने विवेकहीन इन्सपेक्टर देखेकै थिएनौं ।'

इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुर नेतृत्वको प्रहरी टोलीले राजमार्गमा दुलहा सवार ना १ ज ८८८५ नम्बरको माइक्रो रोकेको थियो । उनले जन्ती मात्र रोकेनन् । केही ट्रिपर पनि रोकेका थिए । प्रदेश गृहमन्त्री हिक्मत कार्की निकटका मानिसले फोन गरेर ट्रिपर छाड्न इन्सपेक्टर ठाकुरलाई दबाब दिएपछि इलाका प्रहरी कार्यालय झिलझिलेको कम्पाउण्डभित्र पार्किङ्ग गरिएका ट्रिपर छाडीएको एक प्रत्यक्षदर्शीले बताए । तर, बेहुलाको गाडी भने छाडिएन ।

जन्तीले जरिवाना तिरेर जान गरेको आग्रहलाई प्रहरी निरीक्षक ठाकुरले इन्कार गरे । जन्तीका अनुसार उनले यति मात्र भनिरहे- 'सवारी पास नभएको गाडी फर्काएर घरै जानुहोस् । लकडाउनमा विवाह गर्न पाइँदैन ।' बुधबार राति पौने १० बजेसम्म बेहुला सडकमा अलपत्र नै थिए । प्रहरी निरीक्षक ठाकुरले आफ्नै समकक्षीले भनेको समेत टेरेनन् । बेहुलासहितका जन्तीले पटक-पटक अनुरोध गर्दा पनि प्रहरी निरीक्षक ठाकुरले कुनै हालतमा नछाड्ने बताएर आफूलाई मानसिक तनाव दिएको बेहुला प्रदिपकुमार यादवले बताए ।

सिरहा बजारबाट दिउँसो १२ बजे बेहुली लिन उक्त माइक्रो जन्ती लिएर भद्रपुरतर्फ आउँदै थियो । झापाको झिलझिलेमा आइपुगेपछि सवारी चेकजाँच गर्ने क्रममा प्रहरीले उक्त माइक्रोलाई नियन्त्रणमा लिएको थियो । जन्तीमा सिरहाका एक स्थानीय पत्रकार पनि थिए । उनले पटक-पटक अनुरोध गर्दा पनि प्रहरी निरीक्षक ठाकुरले कुरा सुन्न नमानेको गुनासो गरे । 'मैले पटक-पटक अनुरोध गरे एकरत्ती सुन्न मान्नु भएन । प्रहरीले परिस्थिती नबुझ्दा हामीले पाँच घण्टा सडकमा दुःख र मानसिक पीडा पायौं' -उनले भने ।

जन्तीले १ नम्बर प्रदेश प्रहरी प्रमुखलाई समेत प्रहरीले दुख दिएको गुनासो गरे । त्यसपछि राति साढे ९ बजे मात्र बेहुला सवार माइक्रो प्रहरीले छोडेको थियो । बेहुलीका दाजु रोहित यादवले भने- प्रहरीले दुःख दिएको कुरा सुन्दा कतैबाट पनि चित्त बुझ्दैन । उनले भने- 'पाँच जिल्ला पार गरेर आउँदा सवारी पास नचाहिने झापाको झिलझिलेमा चाहीँ सवारी पास भन्दै रोकिदिने ?' उनीहरुले भने- 'यो प्रहरीको दुःख दिने नियत हो ।'


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**
**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४



**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



**वर्गीकृत विज्ञापन**

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्राविधिक काममा विशेष सफलता प्राप्त हुनाले आत्मसन्तुष्टि प्राप्त हुनेछ । आभूषण, श्रृंगार, साजसज्जा, व्यवसायीले राम्रो लाभ प्राप्त गर्नेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पारिवारिक वातावरणमा हर्षको वातावरण बन्नेछ । कर्मप्रति लगनशील भई व्यवहार गर्न सकेमा यो दिन उत्कृष्ट समय रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरुबाट तपाईंका कामको उच्च मूल्याङ्कन हुने सङ्केत छ । बोलीको कदर हुनेछ । प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुधबारदेखि शुक्रबारसम्म पारिवारिक वातावरण अनुकूल हुने छैन । मानसिक एवम् बौद्धिक क्षमता कमी आउने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** नजिकैका व्यक्तिबाट अपमान वा अपजस सहनु पर्ने हुनसक्छ । आर्थिक लगानी गर्नु पनि भरपर्दो देखिन्न ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सामान हराउने सम्भावना पनि छ । तर, आगामी शनिवारका दिन रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मान-सम्मान र प्रतिष्ठा बढ्नेछ । बोलीको भरमा काम सम्पादन हुने योग छ । विचार र दर्शनका बलमा धेरैलाई आकर्षण गर्ने समय छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** नयाँ काममा हात हाल्ने समय समेत छ । प्रेम र भाइचारा जीवन्त तुल्याउने विशिष्ट समय हो ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मातापिता, अभिभावक र मान्यजनको आशीर्वचन प्राप्त हुनेछ । विशिष्ट व्यक्तिको सहयोग र सल्लाह प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पितृधनबाट फाइदा उठाउन सकिनेछ, प्रशस्त आम्दानी हुने संकेत पनि छ, आम्दानी गरिएको धन खर्च हुने सम्भावना समेत छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आलोचनाबाट बच्नुहोला । मातापिता र अभिभावक वर्गसँगको सम्बन्ध सुमधुर रहने छ ।